जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३४ अंक २९१ २०८२ साल असार १२ गते बिहीबार (26 June 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'प्रहरी सेवालाई जवाफदेही. ३ पृष्ठमा : महोत्तरीका स्थानीय तहहरूको ... ३ पृष्ठमा :दिल्लीको कारखानामा ...

# राजविराजमा मेयरकप महिला क्रिकेटको दोश्रो संस्करण सुरु



**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

राजविराजमा मेयरकप महिला क्रिकेटको दोश्रो संस्करण शुरु भएको छ । "मेरो हरेक रन, बालविवाह विरुद्धको रन" नाराका साथ पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको खेल मैदानमा बुधवार देखी सूरु भएको प्रतियोगिताको कार्यवाहक नगर प्रमुख इसरत परवीनले ब्याटिङ्ग तथा मधेश प्रदेश क्रिकेट संघका अध्यक्ष सुनिल महासेठले बालिङ्ग गर्दै उदघाटन गरेका छन ।

प्रतियोगिताको उदघाटन खेलमा राजविराज रोयलले खडक क्विनलाई ६४ रनले पराजीत गर्दै विजयी सूरुवात गरेको छ । टस जितेर ब्याटिङ्ग थालेको राजविराज रोयलले निर्धारित २० ओभर खेल्दै ४ विकेटको क्षतिमा १ सय ७८ रनको योगफल बनाएको थियो । राजविराज रोयलका लागी राष्ट्रिय महिला टिमका खेलाडी समेत रहेकी अपसरी बेगनले विस्फोटिङ्ग ब्याटिङ्ग गर्दै ६६ बलमा अविजित १ सय ९ रनको योगदान गरिन । यस्तै साक्षी यादवले ४१ रनको योगदान गरेकी थिईन ।


बलिङ्ग तर्फ खडक क्विनकी भुमिका सिंहले २ तथा मोनिका साह र टिका साहले १/१ विकेट लिएकी थिइन ।

१ सय ७९ रनको विजय लक्ष्य लिएर मैदानमा ओर्लेको खडक क्विन निर्धारित २० ओभरमा ६ विकेट गुमाउदै १ सय १४ रन मात्र बनाउने सके । खडक क्विनका लागी ममता चौधरीले सर्वाधिक ४८ रनको योगदान गरिन भने टिका साह र मोनिका साहले समान १३/१३ रनको योगदान दिएकी थिईन् । बलिङ्ग तर्फ राजविराज रोयलकी प्रतिमा साह र अपेक्षा यादवले २/२ तथा साक्षी यादव र अपसरी

*बाँकी अन्तिम पृष्ठमा*

# जसपा नगर अध्यक्षमा फराकिलो मत अन्तरले अरुण निर्वाचित





**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालको राजविराज नगर समिति अध्यक्षमा अरुण कुमार यादव निर्वाचित भएका छन ।

बुधवार विहान घोषित निर्वाचन परिणाम ५१ मत ल्याएर उनी निर्वाचित भएका हुन । राजविराज नगरपालिका वडा नं.२ को वडाअध्यक्ष समेत रहेका अरुणले ५१ मत ल्याउँदा उनका निकटतम प्रतिद्वन्दी लक्ष्मण यादवले २४ मत मात्र प्राप्त गरेका थिए ।

फराकिलो मतले पराजीत भएका लक्ष्मण २०७९ सालको निर्वाचनमा जसपा नेपालको तर्फबाट सप्तरीको निर्वाचन क्षेत्र नं २ (ख) बाट प्रदेश सभासदस्यका उम्मेदवार भएका थिए ।

यसअघि नगरको प्रथम एकता अधिवेशनका क्रममा मंगलवार अन्तिम क्षण सम्म गरिएको सहमतिको प्रयास असफल भएपछि निर्वाचन प्रकृयाबाट नयाँ नेतृत्वको चयन गरिएको हो । सोही निर्वाचनबाट उपाध्यक्षमा शैलेन्द्र यादव र मो.आजाद, सचिवमा सुधिर यादव, उपसचिवमा खेलानन्द यादव र रामु भन्ने रामनारायण यादव निर्वाचित भएको तथा कोषाध्यक्ष पदमा भने संतोष साह निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

यस्तै पार्टीको विधान अनुसार ७१ सदस्यीय कार्य समिती मध्ये तत्काल ३१ जना सदस्य चुनिएको र बाँकी पछी मनोनयन गरिने निर्वाचन समितीका संयोजक धनेश्वर यादवले जानकारी दिए ।

राजविराज नगरपालिकाको १६ वटै वडाका कुल ७९ जना मतदाता रहेकोमा ७८ जनाले मतदानमा सहभागिता जनाए ।

# महिलाहरुलाई आत्मनिर्भर बनाउन सिलाई मेशिन वितरण




**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

सप्तरीको विष्णुपुर गाउँपालिकामा महिलाहरुलाई आत्मनिर्भर बनाउन बुधबार सिलाई मेशिन वितरण गरिएको छ ।

स्थानिय वडा नम्बर ६ का ३२ जना महिलाहरुलाई ७५ दिन सिलाई कटाई सम्बन्धी सीपमूलक तालिम दिएर गाउँपालिकाले सिलाई मेशिन उपलब्ध गराएको हो ।

गाउँपालिका परिसरमा सिलाई मेशिन वितरण गर्दै अध्यक्ष उमेशप्रसाद यादवले पालिका भित्रका महिलाहरुलाई सीप दिई स्वरोजगार बनाउन मेशिन उलब्ध गराइएको बताए । उनले २५९ जना स्थानिय महिलाहरुलाई अत्मनिर्भर बनाउन सिलाई मेशिन उपलब्ध गराईने बताउँदै बुधबार ३२ जनालाई उपलब्ध गराईएको जानकारी दिए ।

बेरोजगारी समस्याले देशै अक्रान्त बनेको बेला गृहणी महिलाहरु घरमै बसेर कपडा सिलाई गरी थोरै आम्दानी गर्न लागेपछि घर परिवारमा आर्थिक अभावकै कारण आउने गरेको स-साना समस्या समाधान हुने विश्वास व्यक्त गरे ।

*बाँकी अन्तिम पृष्ठमा*

**धुम्रपान र मदिरा सेवन नगरौं ।**

**धूम्रपानले:**
- फोक्सोको क्यान्सर, मुटु रोग, दम जस्ता रोग लाग्न सक्छ,
- स्वाश प्रश्वास प्रणालीमा असर गर्न सक्छ,
- मुख, घाँटी र छालामा क्यान्सर हुन सक्छ,
- गर्भावस्थामा धुम्रपान गरे बच्चाको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्छ,

**मदिरा सेवनले:**
- कलेजोको रोग हुन सक्छ,
- तनाव, डिप्रेशन जस्ता मानसिक स्वास्थ्यका समस्या देखा पर्न सक्छ,
- पारिवारीक कलह र अशान्ति छाउन सक्छ,

**"स्वास्थ्यकर जीवनशैली अपनाऔं, धूम्रपान र मदिराबाट टाढा रहौं"**

नेपाल सरकार
विज्ञापन बोर्ड

# आन्तरिक विवादले धनुषाका छ पालिकाले बजेट ल्याउन सकेनन

धनुषा, ११ असार (रासस)।

स्थानीय तहले असार १० गते सभा सम्पन्न गर्नुपर्ने प्रावधानअनुसार गाउँ तथा नगरसभाबाट बजेट ल्याउनुपर्ने प्रावधान भए पनि आन्तरिक विवादका कारण यहाँका छ स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट नै ल्याउन सकेका छैनन् ।

बजेट ल्याउन नसकेका स्थानीय तहमा मिथिला नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, नगराइन नगरपालिका, कमला नगरपालिका, हंसपुर नगरपालिका र औरही गाउँपालिका रहेका छन् । यी स्थानीय तहले बजेट तयारी नपुगेको, आन्तरिक विवाद, जनप्रतिनिधिबीचको मतभेद र कार्यपालिका सदस्यको अनुपस्थितिका कारण समयमै बजेट पेस गर्न नसकेको जनाएका छन् ।

नगराइन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामगुलाम लाल कर्णले नगर अधिवेशनको लागि बोलाइएको कार्यपालिका बैठकमा १९ जना सदस्यमध्ये उपप्रमुखसहित १३ जनाको अनुपस्थित रहेकाले बजेट पेस गर्न नसकिएको बताउनुभयो । उहाँका अनुसार कार्यपालिका बैठक नै नबस्दा नगरसभामा बजेट पेस गर्न नसकिएको हो ।

त्यस्तै अन्य स्थानीय तहमा पनि प्रमुख तथा उपप्रमुखबीचको समन्वय अभाव, कार्यपालिका सदस्यको असहयोग र विभिन्न विकास योजना तथा बजेट शीर्षकमा मतभेदका कारण निर्धारित समयभित्र बजेट पेस हुन नसकेको बताइएको छ ।

केही स्थानीय तहमा राजनीतिक विवादका कारण निर्धारित समयमा बजेट पेस नहुनु गम्भीर समस्या भएको क्षीरेश्वरनाथ(५ महेन्द्रनगरका युवा रोहित खनालले बताउनुभयो । समयमै नीति, कार्यक्रम तथा बजेट नल्याउँदा सार्वजनिक सेवा प्रवाह, विकास आयोजना जस्ता महत्वपूर्ण काममा असर पर्न सक्ने उहाँको भनाइ छ ।

यस्तै मिथिला बिहारी, बटेश्वर, मुखियापट्टी मुसहरनिया, जनकनन्दनी, विदेह र जनकपुरधाम नगरपालिकाले मङ्गलबार बजेट सार्वजनिक गरेका छन् भने लक्ष्मिनियाँ, धनुषाधाम, गणेशमान चारनाथ, सहिदनगर र धनौजी नगरपालिकाले भने त्यसअघि नै आफ्नो नीति, कार्यक्रम तथा बजेट पेस गरिसकेको छन् ।

# 'प्रहरी सेवालाई जवाफदेही बनाउने उद्देश्यले विधेयक ल्याइएको हो'

काठमाडौँ, ११ असार (रासस)।

गृहमन्त्री रमेश लेखकले प्रहरी सेवालाई नेपालको संविधान, प्रचलित कानुन, विधिको शासन तथा मानव अधिकारप्रति प्रतिबद्ध गराई उत्तरदायी र जवाफदेही बनाउने उद्देश्यले सरकारले 'नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकृत गर्न बनेको विधेयक' ल्याएको प्रष्ट पार्नुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा 'नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकृत गर्न बनेको विधेयक' माथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले प्रहरीको काम, कर्तव्य र अधिकार, सेवाको गठन, प्रशासन र सञ्चालन, प्रहरी महानिरीक्षकको नियुक्ति र काम, नेपाल प्रहरी सेवाको पदपूर्ति, सरुवा र काज, बढुवा, तलब, भत्ता तथा अन्य सुविधा, अवकाश, उपदान तथा निवृत्तिभरण, आचरण र विभागीय सजाय तथा पुनरावेदन समावेश गरिएको बताउनुभयो ।

मन्त्री लेखकले भन्नुभएको छ, "नेपाल प्रहरी ऐन २०१२ सालमा बनेको थियो, ७० वर्षपछि हामी नेपालको नयाँ ऐन बनाउँदैछौँ, १२ वर्ष पहिला २०७० सालमा सर्वोच्च अदालतले प्रहरीको बढुवा, सेवाका अरु शर्तहरूलगायत विषयलाई व्यवस्थित गर्न नयाँ ऐनको आवश्यकता औँलाएको थियो । यही कारणले नयाँ ऐनको आवश्यकता महसुस गरी ल्याएका हौँ ।" गृह मन्त्रालयअन्तर्गतका निकायमको नितिगत, कानूनी र संरचनागत सुधारलाई प्राथमिकताका साथ अगाडि बढाइएको उहाँको भनाइ छ ।

मन्त्री लेखकले भन्नुभयो, "प्रहरी ऐन सरकारको प्राथमिकताको विषय हो, समितिलाई मेरो आग्रह छ, यो विधेयकलाई यथाशीघ्र टुङ्ग्याइदिनु होला, त्यसका लागि मन्त्री र मन्त्रालयले कति समय दिनुपर्ने दिन्छौँ, सरकार विधेयकलाई प्राथमिकतामा राखेर छलफल गर्न तयार छ, ऐनभित्रका विषयवस्तुमा छलफल गर्न सरकार तयार छ ।"

विधेयकमा भनिएको छ, "सार्वजनिक शान्ति प्रवर्द्धन, अपराधको रोकथाम र अनुसन्धान गर्न तथा अपराधको नियन्त्रण गरी शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गर्न प्रहरी सेवाको गठन, सञ्चालन तथा सेवाको शर्तसम्बन्धी व्यवस्थालाई समसामयिक बनाई आवश्यक व्यवस्था गर्न प्रस्तुत विधेयक पेस गर्नु परेको हो ।"

विधेयकमा कसूर र सजाय, मुद्दाको अनुसन्धान र दायरी, प्रहरी विशेष अदालत तथा बिदासहितको व्यवस्था समावेश गरिएको छ । नेपालको संविधानले परिकल्पना गरेबमोजिम प्रहरी सङ्गठनलाई प्रादेशिक क्षेत्राधिकार तथा प्रदेश प्रहरीसम्म विस्तार सहितको संवैधानिक मर्म अनुकूल हुनेगरी व्यवस्था गर्न तथा प्रहरीका सम्बन्धमा विश्वका अन्य देशहरूले अपनाएका असल अभ्यास अनुकरण गरी सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन ऐन आवश्यक रहेको गृह मन्त्रालयले जनाएको छ ।

मुलुकमा शान्ति, सुरक्षा कायम गरी अमनचयन हासिल गर्न नेपाल प्रहरीसम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्नुपरेको गृह मन्त्रालयको भनाइ छ ।

गृहमन्त्री लेखकले भन्नुभएको छ, "असल नियतको बचाऔँ, पोसाक, दर्जानी चिन्ह, झण्डा र साङ्गठनिक व्यवस्था, तालिम, नेपाल प्रहरी कर्मचारी कलेज, सेवा समूह परिवर्तन, नगर प्रहरी, प्रहरी कल्याणकारी कोष, स्वास्थ्य बिमा योजना लागू गर्ने, आवास सुविधा, पिरमर्का तथा गुनासो सुनुवाइको व्यवस्था र खेलाडी प्रहरी कर्मचारीको बढुवालाई प्रस्तुत विधेयकमा समावेश गरिएको छ ।"

# आन्तरिक उत्पादन प्रवर्द्धन हुनेगरी राजस्व नीति तय गर्न सरकारको ध्यानाकर्षण

काठमाडौँ, ११ असार (रासस)।

प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिले आन्तरिक उत्पादन तथा स्वदेशी उद्योगहरू समस्यामा नपर्नेगरी राजस्व नीति अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

केही उद्योगी व्यवसायीबाट सरकारको कर नीतिका कारण समस्यामा परेको भनी समितिमा निवेदन परेकाले यस विषयमा उचित निर्णय लिई स्वदेशी उद्योग प्रवर्द्धनमा जोड दिन सरकारको ध्यानाकर्षण गराउने आजको बैठकले निर्णय गरेको सभापति सन्तोष चालिसेले जानकारी दिनुभयो ।

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा आर्थिक ऐन, २०८२ मार्फत् अवलम्बन गरेका करसम्बन्धी केही व्यवस्थाहरू अव्यवहारिक रहेका र भन्दै सुनचाँदी व्यवसायी, आयुर्वेदिक औषधि व्यवसायी र फलाम तथा डण्डी उद्योगीहरूले अर्थ समितिसँग सहयोगका लागि आह्वान गरेका छन् । सुन, चाँदी, हिरालगायत वस्तुमा दुई प्रतिशत विलासिता शुल्क र १३ प्रतिशतको मूल्य अभिवृद्धि कर (भ्याट) लगाइएको भन्दै सुनचाँदी व्यवसायी विरोधमा छन् ।

त्यस्तै, अतिआवश्यक औषधिजन्य वस्तुका रूपमा रहेको आयुर्वेदिक औषधिहरूमा १३ प्रतिशत भ्याट लगाइएको भन्दै सोको खारेजीको माग गर्दै आयुर्वेदिक औषधि व्यवसायीहरूले अर्थ समितिमा निवेदन दिएका छन् । 'वायर रड' भनिने ग्याबिन तार बनाउन प्रयोग हुने कच्चा पदार्थ आयातमा १० प्रतिशत भन्सार लगाइएकामा त्यसलाई रोक्न फलामे छड तथा डण्डी व्यवसायीहरू पनि अर्थ समिति पुगेका छन् ।

यी तीन वटै क्षेत्रका व्यवसायीहरूले सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत् लिएका करका दर लागू भएमा स्वदेशी उद्योगहरू समस्यामा पर्ने र ठूलो सङ्ख्यामा रोजगारी गुम्ने भन्दै समितिमार्फत सरकारको ध्यानाकर्षण गराइरहेका छन् ।

व्यवसायीहरूसँगको छलफलपछि समितिको आजको बैठकले स्वदेशी उद्योगहरू प्रवर्द्धन गर्नेगरी करका नीति अवलम्बन गर्न सरकारको ध्यानाकर्षण गराएको सभापति चालिसेले बताउनुभयो । "आर्थिक विधेयक, २०८२ अहिले संसद्मा विचाराधीन अवस्थामा छ । संसद्बाट पारित हुनुअघि करका दरमा संशोधन गर्न सकिने भएकाले समितिले यसबारे सरकारको ध्यानाकर्षण गराएको हो", उहाँले भन्नुभयो ।

अर्थ समितिको आजको बैठकमा अधिकांश सांसदहरूले स्वदेशी उत्पादनलाई समस्यामा पार्ने गरी करका दरहरू ल्याइएकाले त्यसमा सरकारले

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

Madhesh Province Government
Ministry of Labour & Transport
TRANSPORT MANAGEMENT OFFICE
Rajbiraj, Saptari, Nepal

## Letter Of Intent (LOI)

**Date of publication :2082.03.12 (26th JUN 2025)**

Pursuant to Clauses 27, Sub Clause 2 of Public Procurement Act, 2063 (including Amendment), this is notified to all concerned bidders who submitted their bid for the contract mentioned below the following listed lowest evaluated substantially responsive bidder has been selected to award the contract.

| S.N. | Contract ID | Project Name | Substantially Responsive Lowest Evaluated Bidder | Bid Price NRs. (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | MP/TMOR/SQ/WORKS/01/081/82 | Finishing Work of Office Room | धर्मराज बावा निर्माण सेवा,लहान-३,सिरहा | 1,940,785.13 |

Chief Administrative Officer

# महोत्तरीका स्थानीय तहहरूको बजेटमा कृषिमा जोड

महोत्तरी, ११ असार (रासस)।

यहाँका स्थानीय तहले आधुनिक कृषि प्रणालीमा जोड दिएका छन्। आर्थिक वर्ष २०८२/८३ का लागि नगरसभा तथा गाउँसभाको परिषद् सम्पन्न गरेका स्थानीय तहले आफ्नो ठाउँमा समृद्धिको मुख्य आधार कृषि भएको हुँदा यसको आधुनिकीकरणसँगै स्रोत र साधनमा किसानको पहुँच बढाउने कार्यक्रम बनाएका हुन्।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहमध्ये परिषद् सम्पन्न गर्ने स्वीकृत तालिका असार १० भित्र नौ नगरपालिका र पाँच गाउँपालिकासहित १४ स्थानीय तहले आआफ्नो तहको नगर तथा गाउँसभाको आर्थिक वर्ष २०८२/८३ का लागि परिषद् सम्पन्न गरेका छन्।

जिल्लामै सबैभन्दा पहिले गत बिहीबार १५ औँ नगरसभा परिषद् सम्पन्न गरेको मटिहानी नगरपालिकाले किसानलाई कृषि ज्यावल, यान्त्रिक उपकरण, बीउ मल र नविनतम प्रविधिमा पहुँच बढाउने सङ्कल्प गरेको छ। मटिहानीले आउने आर्थिक वर्षका लागि रु ४४ करोड ५० लाखको अनुमानित आयव्ययको बजेट पारित गरेको छ।

यसैगरी गत शुक्रबार गाउँसभाको १३ औँ परिषद् सम्पन्न गरेको महोत्तरी गाउँपालिकाले कृषिलाई पहिलो प्राथमिकता दिँदै वैकल्पिक सिँचाइ कार्यक्रमलाई जोड दिएको छ। जिल्लाका मनराशिशवा, रामगोपालपुर र भङ्गाहा नगरपालिकाका नगरसभा परिषद् सोमबार सम्पन्न भएका छन्।

यस्तै एकडारा र पिपरा गाउँपालिकाको गाउँसभा परिषद् पनि सोमबार नै सम्पन्न भएका छन्। यस्तै बर्दिबास, गौशाला, बलवा र औरही नगरपालिका तथा सोनमा र सम्सी गाउँपालिकाले मङ्गलबार आआफ्नो तहको नगर तथा गाउँसभाको परिषद् सम्पन्न गरेका छन्। आआफ्नो तहको गाउँ तथा नगरसभाका परिषद् सम्पन्न गरेका १४वटै स्थानीय तहले यसपाली आउने आर्थिक वर्ष २०८२/८३ का लागि कृषि कार्यक्रमलाई प्राथमिकता दिएका छन्।

"मुख्य कुरा त आर्थिक समृद्धिकै हो, यो हासिल गर्न हाम्रो सम्भावना भनेको कृषि नै हो", सोमबार नगरसभाको १६ औँ परिषद् सम्पन्न गरेको भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जिवकुमार साहले भन्नुभयो, "यो कार्यकालभित्र पानीबेगर खेती गर्न पाइएन भन्ने अवस्था अन्त्य गर्ने हाम्रो सङ्कल्प छ।" यसका लागि वैकल्पिक सिँचाइका इनार, बोरिङ र मोटरपम्प बढाइने उहाँको भनाइ छ।

यसैगरी मनराशिशवा नगरपालिकाका प्रमुख मोहन पाण्डेले फलफूल, तरकारी, दलहन, तेलहन र अन्नबालीको उत्पादन बढाउन माटो परीक्षण, बीउमलको उपलब्धता र प्रविधिको किसानसम्म पहुँच बढाउन योजनाबद्ध काम गरिने बताउनुभयो। यस्तै गौशाला, औरही, बलवा र बर्दिबास नगरपालिका तथा सोनमा गाउँपालिकासहितका स्थानीय तहले पनि कृषि क्षेत्रलाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेका छन्।

निर्धारित समयसीमा (असार १० भित्रै) आआफ्नो तहको नगर तथा गाउँसभाका परिषद् सम्पन्न गरेका स्थानीय तहका जनप्रतिनिधिले विकासको प्रतिफल जनतासम्म पुऱ्याउने गरी कृषिलाई प्राथमिकतामा राखेर योजना बनाइने प्रतिबद्धता जनाएका छन्। "हामीले कृषिक्षेत्रका कामलाई समृद्धिसँग जोडेर प्राथमिकतामा राखेका छौँ", सम्सी गाउँपालिकाका अध्यक्ष रामनाथ यादवले भन्नुभयो।

जिल्लाका १५ स्थानीय तहमध्ये १४ ले मङ्गलबारसम्म आआफ्नो तहको गाउँ तथा नगरसभाका परिषद् सम्पन्न गरिसकेका छन्। स्थानीय तहहरूले नीति तथा कार्यक्रम र बजेट पेस गर्ने असार १० भित्रको कानुनी व्यवस्थाको स्वीकृत तालिका छ। यसअनुसार अब जिल्लामा बजेट प्रस्तुत गर्न नसकेको जलेश्वर नगरपालिकामात्र छ।

जिल्लाका सबैजसो स्थानीय तहले कृषि प्राथमिकताका कुरा उठाएपछि आम किसानमा केही आशा पलाएको छ। मुख्य कुरा सिँचाइको प्रबन्ध, बीउमल र प्रविधिमा ध्यान दिनसके आफ्ना दिन फिर्ने सपना सँगालिएको बर्दिबास(९ पशुपतिनगरका किसान महेन्द्र महतो बताउनुहुन्छ। "कृषिलाई प्राथमिकतामा राखिएको त सुन्यौ, यो कागजमा सीमित नहोस्, हामीसम्म आइ पुगोस्", महतोले भन्नुभयो।

# पेट्रोलियम पदार्थ आयातबाट ७३ अर्ब राजस्व सङ्कलन

वीरगञ्ज (पर्सा), ११ असार (रासस)।

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ७३ अर्ब १८ करोड सङ्कलन गरेको छ।

कार्यालयले चालु आवको ११ महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयात गर्न रु एक खर्ब ७४ अर्ब नौ करोड रकम खर्चिएको छ। आयातबाट प्राप्त कुल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ४६ दशमलव ४३ प्रतिशत रहेको छ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले वीरगञ्ज भन्सारको राजस्वको मुख्य आधार नै पेट्रोलियम पदार्थ र सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्व रहेको बताउनुभयो। त्यस्तै, दोस्रो धेरै राजस्व भने यातायात साधन र तिनका पार्टपुर्जा आयातबाट रु १७ अर्ब ७० करोड रकम प्राप्त भएको छ। आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपुर्जाको हिस्सा भने ११ दशमलव २३ प्रतिशत छ।

त्यसैगरी, फलाम तथा फलामबाट बनेका सामानबाट रु पाँच अर्ब ७८ करोड राजस्व सङ्कलन गरेको छ। मेसिनरी तथा पार्टपुर्जा आयातबाट रु पाँच अर्ब २६ करोड सङ्कलन गरेको छ। इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा आयातबाट रु तीन अर्ब ६७ करोड सङ्कलन गरेको प्रमुख भन्सार प्रशासक लामिछानेले बताउनुभयो।

चालु आवकै ११ महिनामा सबै प्रकारका कपडा आयातबाट रु तीन अर्ब छ करोड राजस्व सङ्कलन भएको छ। सोही अवधिमा सुर्ती र सुर्तीजन्य पदार्थको आयातबाट रु दुई अर्ब ५८ करोड, शृङ्गारका सामान आयातबाट रु दुई अर्ब ५२ करोड, प्लाष्टिकका कच्चा पदार्थ आयातबाट रु दुई अर्ब ३२ करोड तथा अन्य लुब्रिकेटङ्ग आयलको आयातबाट रु दुई अर्ब १९ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले जानकारी दिनुभयो।

## *आन्तरिक...*

पुनर्विचार गर्नुपर्ने धारणा राख्नुभएको थियो।

आयातित कच्चा वस्तुमा भन्दा उपभोग्य वस्तुमा बढी कर लगाइएको, अत्यावश्यक वस्तुमासमेत सरकारले भ्याट लगाएको, साफ्टासम्बन्धी प्रावधानहरूका कारण नेपालका उत्पादनले भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेकालगायत विषय समितिमा उठेका थिए। त्यस्तै, संसद्बाट पारित हुनुअघि आर्थिक ऐन संशोधन गर्न सकिने भएकाले पनि यस विषयमा समितिले सरकारको ध्यानाकर्षण गराउनुपर्ने धारणा समिति सदस्यहरूको थियो।

बैठकमा सांसदहरू गङ्गा कार्की, पूर्णबहादुर तामाङ, जुलीकुमारी महतो, ज्ञानबहादुर शाही, नारायणप्रसाद आचार्य, नारायणी शर्मा, वर्षमान पुन, डा प्रकाशशरण महतलगायतले स्वदेशी उत्पादनलाई समस्या नपर्ने गरी करका दर तय हुनुपर्ने धारणा राख्नुभएको थियो।

संसद्मा विचाराधीन आर्थिक विधेयकमा राखिएका केही व्यवस्थाले आन्तरिक उत्पादन र व्यवसायीलाई समस्या पर्ने देखिएमा यसबारे पुनर्विचार गरिनुपर्ने उहाँहरूको भनाइ थियो। संसद्मा विचाराधीन उक्त विधेयकमाथि समितिमा छलफल आवश्यक हो/होइन, समितिले निर्देशन दिन मिल्छ/मिल्दैन भन्नेबारे सांसदहरूबीच भने फरक मत देखिएको थियो। आर्थिक ऐन संशोधन गर्न सकिने भएकाले समितिबाट सुझाव पठाउन सकिने केही सदस्यहरूको धारणा थियो।

## राजविराज नगरपालिका

### ८ नं. वडा कार्यालय

राजविराज सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
चलानी ५८२

मितिः २०८२/०३/१०

**विषय - नामसारी सम्बन्धमा।**

**वडा नं ८वाट जारि सुचना**

सुचना सुचना सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी रा.वि.न.पा वडा नं ५हाल परिवर्तित वडा नं ८ बस्ने जितन चौधरी को बुहारी उपेन्द्र चौधरी को पत्नी धर्मशिला देवी चौधरी यस वडा कार्यालयमा उपस्थित भई मेरो पति को मृत्यु२०७८/०९/११ गते आफ्नो कालगती मृत्यु भएको निज मृतक को सबैभन्दा नजिक नातेदार हक आपुताली खाने म एक मात्र पत्नी धर्मशिला देवी चौधरी रहेको हुदाँ मृतक को नाउमा रहेको तपसिल खण्डमा उल्लेखित जग्गा निवेदक को नाउमा नामसारी गरी पाउ भन्नी यस वडा कार्यालयमा द.नं.६९० मिति २०८२/०३/१०गते निवेदन पर्न आएको हुदाँ यो सुचना प्रकाशित भएको मिति ले ३५दिन भित्र हक अंश लाग्ने अन्मियार लागत हक पुग्ने व्यक्ति ले आ-आफ्नो सबुत प्रमाण लिई म्याद भित्र उजुरी गर्न आउनु होला अन्यथा यो सुचना म्याद समाप्त भई भएमा पछि कोहि कसै को कुनै उजुरी लाग्ने छैन भन्नी स्थानीय सरकार संचालन ऐन मालपोत को नाममा सिफारिस भई कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ।

तपसिल

मृतक उपेन्द्र चौधरी को नाउमा दर्तारहेको

| जिल्ला | गा.वि.स/न.पा | वडा नं. | कि.नं. | क्षे.फ |
|---|---|---|---|---|
| मोरङ | जतुवा | ३क | ६२५६ | ०-०-३.१ |
| ,, | ,, | ,, | ६२५८ | ०-०-९.३ |

जय नारायण मण्डल
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-८

# विश्व समाचार

## दिल्लीको कारखानामा आगलागी हुदाँ तीन जनाको मृत्यु

नयाँदिल्ली, ११ असार (रासस/सिन्ह्वा)।

मङ्गलबार राति उत्तर(पश्चिम दिल्लीको रिठाला क्षेत्रमा प्लास्टिक कारखानाभित्र ठूलो आगलागी हुँदा कम्तीमा तीन जनाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएका छन्।

दिल्ली अग्नि सेवाका वरिष्ठ अधिकारी एके जयसवालका अनुसार घाइतेहरूलाई उपचारका लागि स्थानीय सरकारी अस्पतालमा भर्ना गरिएको बताउदै सबै पीडितहरू सोही कारखानामा काम गर्ने कामदार हुन्।

अहिले आगो नियन्त्रणमा आइसकेको छ। घटनास्थलमा पुगेका १६ दमकल, प्रहरी अग्नि नियन्त्रक र स्थानीयको सहयोगमा आगोलाई नियन्त्रणमा लिइएको कारखानामा दुर्घटनाको समयमा प्लास्टिक र कपडामा लोगो तथा तस्वीरहरू प्रिन्ट गर्ने कामदार रहेका जयसवालले बताउनुभयो।

उहाँले भन्नुभयो, "उद्धारकर्मीले आगलागी पछिको खोजी अभियानका क्रममा घटनास्थलबाट तिनवटा जलेका शवहरू बरामद गरेको छ। आगलागीको कारण अहिलेसम्म थाहा हुन सकेको छैन।"

## इरानी राष्ट्रपति पेजेस्कियनद्वारा '१२ दिने युद्धको अन्त्य भएको' जानकारी

तेहरान, ११ असार (रासस/सिन्ह्वा)।

इरानी राष्ट्रपति मसूद पेजेस्कियनले मंगलबार १२ दिने युद्धको अन्त्य भएको घोषणा गर्दै सबै सरकारी निकायलगायतका संस्थाहरूलाई पुनर्निर्माणमा आफ्ना सबै प्रयासहरू केन्द्रित गर्न आग्रह गर्नुभएको छ।

पेजेस्कियनले युद्धविराम लागू भएपछि इरानी जनतालाई दिएको सन्देशमा भन्नुभयो "आज तपाईंको साहसी र ऐतिहासिक साथले हामी युद्धविराम र इजरायलले इरानविरूद्ध लादेको १२ दिनको युद्धको अन्त्य गर्न सफल भयौँ।"

इजरायल आणविक सुविधाहरू नष्ट गर्ने र आणविक ज्ञानलाई कमजोर पार्ने साथै सामाजिक उत्तेजना गराउने लक्ष्यहरू हासिल गर्न असफल भएको उहाँले बताउनुभएको छ।

यसैगरी, इजरायल र यसका सहयोगीहरूले कब्जा गरिएका क्षेत्रहरूमा महत्वपूर्ण सुविधाहरू र केन्द्रहरूको विनाशले विश्वलाई एउटा प्रमुख सन्देश पठाएको र इरानविरुद्धको दुस्साहसको मूल्य अत्यधिक भारी भएको भन्ने बुझाएको बताउनुभएको छ।

मङ्गलबार संयुक्त अरब इमिरेट्सका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँगको फोनवार्तामा पेजेस्कियनले आफ्नो देश वार्ताको टेबलमा अन्तर्राष्ट्रिय ढाँचाभित्र सबै मुद्दाहरू समाधान गर्न तयार रहेको बताउनुभएको छ।

अमेरिका र इजरायलले इस्लामिक देशहरूबीच कलह र शत्रुता सिर्जना गर्न खोजिरहेको बताउदै उहाँले इरानले यस क्षेत्रमा एकता र शान्ति बलियो बनाउन उनीहरूलाई विकासको गति बढाउनको लागि आधार मान्ने उल्लेख गर्नुभएको छ।

यही जुन १३ मा इजरायलले आणविक र सैन्य स्थलसहित इरानका विभिन्न क्षेत्रहरूमा हवाई आक्रमण गर्दा वरिष्ठ कमान्डर, आणविक वैज्ञानिक र नागरिकहरूको मृत्यु भएको छ। इरानले इजरायलमा मिसाइल र ड्रोन आक्रमण गरी जवाफी हमला गर्दा कैयौँ हताहत र भारी क्षति पुगेको जनाइएको छ।

शनिबार अमेरिकी, एयर फोर्सले तीन इरानी आणविकस्थलहरू (फोर्डो, नटान्ज र इस्फहान(मा बम प्रहार गरेको थियो यसको जवाफमा इरानले सोमबार कतारस्थित अमेरिकी एयर बेसमा मिसाइल प्रहार गरेको छ।

इरानको आक्रमणपछि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुई पक्षबीचको युद्धविराम मङ्गलबार देखि सुरु हुने घोषणा गर्नुभएको र यसलाई इरान र इजरायल दुवैले स्विकार गरेका छन्। घोषणासँगै यस क्षेत्रमा युद्धविराम सुरु भएको छ।

## इजरायलबाट ५० जना भियतनामी नागरिकलाई इजिप्टमा सारियो

हनोई, ११ असार (रासस/सिन्ह्वा)।

इजरायलको द्वन्द्व क्षेत्रबाट करिब ५० जना भियतनामी नागरिकहरूलाई इजिप्टमा सारिएको भियतनाम समाचार एजेन्सीले बुधबार जनाएको छ।

हाल धेरै जना भियतनाम फर्किसकेको र बाँकी अरूले पनि सकेसम्म चाँडो फिर्ता गर्न आवश्यक प्रक्रियाहरू पूरा गरिरहेको भियतनामी विदेश मामिला मन्त्रालय (एमओएफए) बताएको छ।

यिनीहरुलाई इजरायल र इजिप्टमा भियतनामी दूतावासहरूको समन्वित प्रयासको माध्यमबाट उद्धार गरिएको थियो।

इजरायलमा रहेको भियतनामी दूतावासले द्वन्द्व क्षेत्रमा रहेका नागरिकहरूलाई शान्त रहन, दूतावाससँग नियमित सम्पर्क कायम राख्न र स्थानीय अधिकारी, एमओएफए र दूतावासले जारी गरेको निर्देशन र चेतावनीलाई कडाईका साथ पालना गर्न सल्लाह दिँदै आएको छ।

# विष्णुपुरमा सात दिने आधारभुत पत्रकारिता तालिम सुरु



दैनिक समाचारदाता
राजविराज, ११ असार ।

सप्तरीको विष्णुपुर गाउँपालिकामा बुधबार देखि सातदिने आधारभूत पत्रकारिता तालिम सुरु भएको छ ।

विष्णुपुर गाउँपालिकाको सहयोगमा अभिव्यक्ति मिडिया प्रालिले आयोजना गरेको तालिमको विष्णुपुर गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले गमलामा पानी हालेर उदघाटन गरे ।

तालिमको उदघाटन सत्रमा बोल्दै प्रमुख अतिथि अध्यक्ष यादवले यादवले यस्ता तालिमबाट गाउँपालिकामा पत्रकार उत्पादन गर्ने उद्देश्य राखेर तालिमको आयेजना गरिएको बताए । उनले आफनो गाउँ ठाउँको विकासमा पत्रकारिताले महत्वपूर्ण भुमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै तालिमका सहभागिहरुलाई सीप सिकेर पत्रकारिता गर्न आग्रह गरे ।

कार्यक्रममा विष्णुपुर गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष जीवछ मण्डल, वडा नम्बर ७ का अध्यक्ष लोचन साह, नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष व्यासशंकर उपाध्याय, पूर्व सचिव ओमप्रकाश साह, नेपाल प्रेस यूनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, प्रेस मञ्च नेपाल सप्तरीका अध्यक्ष धर्मपाल राउत र नेपाल पत्रकार महासंघका सदस्य बृजमान तामाङ्ले लगायतकाले तालिमको सफलताको शुभकामना दिएका थिए ।

# पुनः पवनीकै नेतृत्वमा महिला संघ



दैनिक समाचारदाता
राजविराज, ११ असार ।

नेपाली कांग्रेस निकटको नेपाल महिला संघ सप्तरी क्षेत्र नं ४ को क्षेत्रीय अध्यक्षमा पुनः पवनी कुमारी चौधरीलाई चयन गरिएको छ ।

संघको बुधबार सम्पन्न चौथो संसदीय क्षेत्रीय अधिवेशनको बन्द सत्रले ४ बर्षका लागि पवनीको नेतृत्वमा २७ सदस्यीय निर्विरोध नयाँ कार्य समिति चयन गरेको हो । यसअघि पवनीकै नेतृत्वमा उक्त क्षेत्रमा महिला संघको गठन भएको थियो ।

पवनी कै अध्यक्षतामा भएको अधिवेशन उदघाटन समाहरोमा प्रमुख अतिथी नेपाली कांग्रेस सप्तरीका सदस्य एवं पुराना नेता विजय कुमार सिंह, नेपाल महिला संघ सप्तरी की सभापति एवं पुर्व प्रदेश साँसद गिता यादव, ललिता कर्ण , किरण कुमार भगत, धीरेन्द्र साह, लीला यादव लगायतले शुभकामना मनतव्य दिएका थिए ।

पार्टीका अधिकाँश नेताले अगामी निर्वाचनमा बहुमत प्राप्त गर्न र जनताको विकासको चाहना पुरा गर्न नेता/कार्यकर्तालाई एक जुट हुनु पर्नेमा जोड दिए ।

निर्विरोध चयन भएपछि संचारकर्मीहरु सीत कुरा गर्दै अध्यक्ष पवनीने आफू संग अघिल्लो कार्यकालको अनुभव रहेकोसुनाउँदै महिला संघलाई अझ सशक्त रुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरिन् ।

# सिरहा नगरपालिका बाहेकका पालिकाको नीति तथा कार्यक्रम र बजेट पेस

सिरहा, ११ असार (रासस) ।

यहाँको सिरहा नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम र बजेट ल्याउन सकेको छैन ।

कानुनी व्यवस्थाअनुसार असार १० गतेसम्म ल्याउनैपर्ने बजेट जिल्ला सदरमुकामसमेत रहेको सो नगरपालिकाले नगरसभा गर्न नसक्दा आगामी आवको नीति तथा कार्यक्रम र बजेट ल्याउन नसकेको हो ।

नगर प्रमुख डा नवीनकुमार यादव अस्वस्थ्य रहेकाले आवश्यक तयारी नपुग्दा बजेट ल्याउन नसकिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद इद्रिस राइनले जानकारी दिनुभयो । प्रमुख प्रशासकीय अधिकृत राइनका अनुसार केही दिनभित्रै नगर कार्यपालिकाको बैठक बसी नगरसभाको मिति तोकिने छ ।

नीति तथा कार्यक्रम र बजेट ल्याउने पालिकामा जिल्लामै सबैभन्दा ठूलो २४ वडा रहेको लहान नगरपालिकाले रु एक अर्ब ६७ करोड ९५ लाख २८ हजारको बजेट सार्वजनिक गरेको छ ।

त्यसैगरी गोलबजार नगरपालिकाले रु ८१ करोड ८९ लाख ८९ हजार र मिर्चैया नगरपालिकाले रु ७० करोड ११ लाख ७१ हजारको बजेट ल्याएको छ ।

त्यसैगरी जिल्लाका धनगढीमाई नगरपालिकाले रु ६८ करोड नौ लाख ७४ हजार, कल्याणपुर नगरपालिकाले रु ५८ करोड ३१ लाख ३३ हजार, सुखीपुर नगरपालिकाले रु ६२ करोड ८६ लाख नौ हजार, कर्जन्हा नगरपालिकाले रु ४२ करोड ९१ लाख ११ हजारको आगामी आवको आयव्ययसहितको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका छन् ।

त्यस्तै गाउँपालिकातर्फ अर्नमा गाउँपालिकाले रु ४९ करोड ९६ लाख, सखुवानन्कारकट्टी गाउँपालिकाले रु ३७ करोड ४० लाख चार हजार, औरही गाउँपालिकाले रु ४० करोड ८२ लाख नौ हजार, बरियारपट्टि गाउँपालिकाले रु ४५ करोड ६८ लाख ८१ हजार, विष्णुपुर गाउँपालिकाले ४३ करोड ९४ लाख ५१ हजार, भगवानपुर गाउँपालिकाले रु ४८ करोड ४४ लाख ३१ हजारको बजेट प्रस्तुत गरेका हुन् ।

त्यसैगरी नवराजपुर गाउँपालिकाले रु ४३ करोड ८६ लाख ७५ हजार, लक्ष्मीपुरपतारी गाउँपालिकाले रु ४३ करोड ३४ लाख ५१ हजार र नरहा गाउँपालिकाले रु ३८ करोड ८६ लाख ९५ हजारको बजेट प्रस्तुत गरेका छन् ।

जिल्लाका पालिकाले ल्याएको नीति तथा कार्यक्रम र बजेटमा दलित, विपन्नलाई स्वास्थ्य बिमादेखि दलितलाई नागरिकता बनाउन लाग्ने सम्पूर्ण खर्च पालिकाले बेहोर्नेसम्मका कार्यक्रम रहेका छन् ।

### राजविराजमा...

वेगमले १/१ विकेट लिन सफल भईन ।

सम्पन्न खेलमा ओम्यान आफ द म्याच विजयी टिमकी अपसरी बेगन घोषित भइन ।

सबल नेपाल, राजविराज नगरपालिका, सेभ द चिल्ड्रेन, एमसिसी फाउण्डेशन, वेल्थहंगर हिलाफेको सहयोग तथा मधेश प्रदेश क्रिकेट संघ र सप्तरी क्रिकेट संघको प्राविधिक सहयोगमा संचालित प्रतियोगितामा कुल ३ टिमको सहभागिता रहेको र तेश्रो टोलीको रुपमा सुरुगा सरभाईबल टिम रहेको सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।

प्रत्येक टिमले २/२ वटा खेल खेल्ने र प्राप्त अंकको आधारमा विजेता/उपविजेताको चयन गरिने छ ।

असार १४ गते सम्म चल्ने प्रतियोगिताको प्रत्येक टोलीमा राष्ट्रिय स्तरका २/२ तथा प्रदेशस्तरका ३/३ जना चर्चित खेलाडीहरुको सहभागिता रहेको छ ।

### महिलाहरुलाई...

अध्यक्ष यादवको हातबाट सिलाई मेशिन लिदै विष्णुपुर ६ स्थित गोरगामा टोलकी अनिता देवी रायले तालिममा सिकेको सीपलाई उपयोग गर्न पालिकाले सिलाई मेशिन उपलब्ध गराएकोमा खुशी व्यक्त गरिन । उनले सीपलाई उपयोग गर्दै आत्मनिर्भर बन्ने प्रतिवद्धता जनाईन् ।

# 'शिक्षकले राजनीति छाडेर पठनपाठनमा केन्द्रित हुनुपर्ने'

महेन्द्रनगर (धनुषा), ११ असार (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदेशका शिक्षाको अवस्था चिन्ताजनक रहेको बताउनुभएको छ ।

मधेस प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालयद्वारा जनकपुरधाममा आज आयोजित राष्ट्रिय शिक्षा सम्मेलनमा मुख्यमन्त्री सिंहले गुणस्तरीय शिक्षा सेवा प्रवाहमा सङ्घीय सरकारको पनि उत्तिकै भूमिका रहने बताउनुभयो । प्रदेशका शिक्षक र शिक्षिका जनताप्रति समर्पित, जवाफदेही र बफादार हुँदै काम, कर्तव्य निर्वाह गर्न आवश्यक रहेको उहाँको भनाइ थियो ।

शिक्षा तथा संस्कृतिमन्त्री रानीकुमारी शर्मा तिवारीले शिक्षकहरूले राजनीति छाडेर आफनो पेसाप्रति इमान्दार भए अध्यापन गराउन आग्रह गर्नुभयो । प्रदेश सरकार भौतिक पूर्वाधार तथा विकासमन्त्री सरोजकुमार यादवले मधेसको शिक्षाको स्तर खस्नुमा शिक्षक तथा अभिभावक बढी जिम्मेवार भएको बताउनुभयो ।

प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री कौशल किशोर रायले मधेसको शिक्षाको सुधारका लागि प्रदेश सरकारको एक्लो प्रयासले मात्रै सम्भव नहुने उल्लेख गर्दै तीन वटै तहका सरकार मिलेर काम गर्नुपर्ने विचार व्यक्त गर्नुयो ।

कार्यक्रममा मधेस प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहन साह, शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त सचिव दिलिप ठाकुर, राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता एवं प्रदेशसभा सदस्य कञ्चन विच्छासहितका वक्ताले धारणा राख्नुभएको थियो ।

कार्यक्रममा मधेस प्रदेशभरिका प्रधानाध्यापक, प्राचार्य, शिक्षा अधिकारी, सचिव, निर्देशक, विज्ञ र सरोकारवाला निकायहरूको उल्लेख्य सहभागिता रहेको छ । त्यस अवसरमा सरोकारवाला विज्ञहरूद्वारा पाँचवटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

# 'सुरक्षित र मर्यादित आप्रवासन हाम्रो साझा प्रतिबद्धता'

काठमाडौं, ११ असार (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सुरक्षित र मर्यादित आप्रवासनका लागि साझा प्रतिबद्धता व्यक्त गर्न आह्वान गर्नुभएको छ ।

बुधवार यहाँ आयोजित सुरक्षित, मर्यादित र व्यवस्थित आप्रवासनका लागि आयोजित एसिया गल्फ कोअपरेसन कन्ट्री र एसिया (जिसिसी) संवादको उद्घाटन सत्रमा उहाँले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनको कार्यान्वयनमा सबै साझेदार राष्ट्रहरूलाई सहयोग र सहकार्यका लागि आह्वान गर्नुभयो ।

मन्त्री भण्डारीले अन्तरराष्ट्रिय आप्रवासन सङ्गठन तथा सहभागिता जनाउने सबै प्रतिनिधिहरूप्रति आभार व्यक्त गर्दै यस संवादले आप्रवासनसम्बन्धी साझा दृष्टिकोण, मानवीय गरिमा र मानवअधिकारका मूल्यलाई अघि बढाउन सहयोग पुर्‍याउनेमा विश्वास व्यक्त गर्नुभयो ।

नेपालजस्ता श्रम आपूर्ति गर्ने मुलुकहरूको दृष्टिकोण प्रस्तुत गर्दै श्रम पठाउने र श्रम आमन्त्रित गर्ने राष्ट्रहरूबीचको आपसी बुझाइ बलियो बनाउन यस्ता संवादहरू अपरिहार्य रहेको उहाँको भनाइ थियो ।

मन्त्री भण्डारीले जीसीएमका २३ उद्देश्यहरूलाई कार्यान्वयन गर्दै सबै राष्ट्रहरूलाई न्यूनतम मानव अधिकार सुनिश्चित गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

नेपालबाट लाखौं आप्रवासी श्रमिकहरूले जिसिसी राष्ट्रहरूको समृद्धिमा योगदान दिँदै आएको चर्चा गर्दै मन्त्री भण्डारीले आप्रवासी श्रमिकहरूलाई श्रमिक मात्र नभई विकासका साझेदारका रूपमा हेर्नु पर्ने धारणा राख्नुभयो ।

उहाँले जीसीएमको उद्देश्य १८ को चर्चा गर्दै सीप विकास र आपसी मान्यताको महत्व औँल्याउनुभयो । उहाँले एसिया-जिसिसी सीप मान्यता ढाँचा निर्माणको प्रस्ताव अघि सार्दै दक्ष जनशक्तिको सुगम प्रवाहमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गर्दै गर्नुभयो । मन्त्री भण्डारीले एसिया-जिसिसी संयुक्त कार्यदल गठन गरी नीति समन्वय गर्दै ठगी नियन्त्रण गर्न आवश्यक रहेको समेत बताउनुभयो ।

उहाँले जिसीसी राष्ट्रहरूसँग संयुक्त पुनःएकीकरण कोष स्थापना गरी फर्किएका श्रमिकलाई सीप प्रयोगमा लगाएर विकासका अगुवा बनाउने प्रस्ताव अघि सार्नुभयो । मन्त्री भण्डारीले सहकार्यका लागि तीनवटा कार्यान्वयन योग्य प्रस्तावहरू अघि सार्नुभएको थियो ।

"जिसिसी राष्ट्रहरूमा कार्यरत हाम्रा श्रमिक केवल श्रमिक मात्र होइनन", उहाँले भन्नुभयो, "उनीहरू हाम्रो साझा मूल्यका दूत हुन् । सुरक्षित, मर्यादित, र फलदायी आप्रवासन सुनिश्चित गर्नु हामी सबैको सामूहिक जिम्मेवारी हो ।"

त्यस अवसरमा मन्त्रालयका सचिव डा कृष्णहरि पुष्करले बदलिँदो क्षेत्रीय परिस्थिति, विशेषतः इरान-इजरायलबीचको पछिल्लो तनाव र त्यसबाट उत्पन्न आप्रवासन चुनौतीहरूको सन्दर्भमा 'ग्लोबल कमप्याक्ट फर माइग्रेसन'को कार्यान्वयनमा सहकार्य र साझा प्रतिबद्धता अपरिहार्य भएको उल्लेख गर्नुभयो ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np